**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 01.06.2024**

## Governor-Vote: Rajbhawan Release

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज बिहान 7:20 बजे वाराणसीमा मतदान गर्नुभयो। यो मतदानले प्रजातान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता र नागरिक कर्तव्यप्रतिको प्रतिबद्धतालाई जनाउँदछ। राज्यपालले आफ्नो प्रतिक्रिया व्यक्त गर्दै भन्नुभयो, "मतदान अधिकार मात्र होइन, हरेक नागरिकको दायित्व पनि हो, आफ्नो मताधिकारको प्रयोग गरेर हामी बलियो र शक्तिशाली लोकतन्त्रको निर्माण गर्छौं।" यस क्रममा उहाँले सबै नागरिकलाई आफ्नो मताधिकार प्रयोग गरी लोकतन्त्रलाई सुदृढ पार्न अपिल पनि गर्नुभएको छ। मतदान केन्द्रमा राज्यपालको उपस्थितिले अन्य मतदातामा पनि उत्साह देखिएको थियो।

## Preparation for counting: RNU

राज्यमा राज्य विधानसभा चुनावको मतगणना भोली हुँदै छ। यसका सबै तयारी पूरा भएको छ। मतगणना बिहान 6 बजेदेखि सुरु हुनेछ, जुन 6 जिल्लाका 6 वटा गणना केन्द्रमा सम्पन्न हुनेछ। अतिरिक्त मुख्य चुनाव अधिकारी श्रीमती पेमा लादेनका अनुसार, 6 मतगणना केन्द्रको 37 वटा गणना भवनमा 239 वटा गणना टेबलमा मतगणना हुनेछ। यसबाहेक, डाक मतपत्रको गणना 73 वटा गणना टेबलमा हुनेछ। साथै, राज्यबाहिरबाट आएका 19 जना गणना पर्यवेक्षकहरूले यो मतगणनाको निगरानी गर्नेछन्। यी

अवलोकनकर्ताहरूले गणना अधिकारीहरूको छ्यासमिस प्रक्रियाका लागि राज्यका 6 जिल्ला मुख्यालयहरूको भ्रमण गर्दै छन्। CrPC को धारा 144 अन्तर्गत निषेधाज्ञा आदेशहरू राज्यका छ जिल्लाका जिल्लापालहरूले सबै गणना केन्द्रहरूमा र वरपर जारी गरेका छन्। सहज र शान्तिपूर्ण रूपमा मतगणना सम्पन्न गर्न पूर्ण सुरक्षा व्यवस्था मिलाइएको छ। योसँगै 14 महिला उम्मेदवारसहित 146 उम्मेदवारको चुनावी भाग्य भोली तय हुनेछ। सत्तारुढ एसकेएम, एसडीएफ, क्याप, बीजेपी, कांग्रेस र सिक्किम रिपब्लिकन पार्टी यो चुनावका मुख्य राजनैतिक पार्टीहरू हुन्। विभिन्न राजनैतिक पार्टीका 136 उम्मेद्वार र 8 स्वतन्त्र उम्मेद्वार गरी कुल 146 उम्मेद्वार यस चुनावी मैदानमा थिए। एसकेएम र एसडीएफले 32 वटै सिटमा आफ्नो उम्मेद्वार उतार्‍यो भने बीजेपीले 31 सिटमा, क्यापले 30, कांग्रेसले 12 र एसआर.पी-ले 1 सिटमा आफ्नो उम्मेद्वार उतार्‍यो।

## Counting Observers: IPR

आज मतगणना पर्यवेक्षकहरू र गान्तोकका जिल्लापाल एवं जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखारेले गान्तोक जिल्ला अन्तर्गतको आम चुनावका लागि यहाँ SCERT बुर्तुकको सभाभवनमा सूक्ष्म पर्यवेक्षकहरूलाई मतगणना दिनको कार्यबारे जानकारी गराउनुभयो। मतगणना पर्यवेक्षक श्री उमाकण्ठ उमरावले सूक्ष्म पर्यवेक्षकहरूलाई संक्षिप्त सम्बोधन गर्दै, पहिलो चरणको मतगणनालाई सावधानीपूर्वक विचार गर्नुपर्ने महत्त्वमा जोर दिनुभयो। उहाँले भारतीय निर्वाचन आयोगको समयसीमाबारे पनि विस्तृत रूपमा जानकारी दिनुभयो। जिल्लपाल श्री निखारेले गणना दिनको तालिकाबारे जानकारी दिनुका साथै सूक्ष्म पर्यवेक्षकहरूले मतगणना पर्यवेक्षकको प्रतिनिधित्व गर्ने बताउनुभयो।

साथै, उहाँले गणना पर्यवेक्षक र रिजर्भ सूक्ष्म पर्यवेक्षकहरूका लागि विशेष निर्देशन पनि बताउनुभयो। उहाँले टोली र उनीहरूको जिम्मेवारीलाई विस्तृत रूपमा व्याख्या गर्दै गणना तालिका संरचनाको विस्तृत रूपरेखा प्रदान गर्नुभयो। यसअघि मतगणना पर्यवेक्षकहरूले बुर्तुकस्थित SCERT र DIET कलेज बुर्तकको मतगणना भवनहरूको भ्रमण गरे। जिल्लापालले गणना पर्यवेक्षकहरूलाई गणना भवनको स्थानबारे विस्तृत जानकारी दिनुभयो।

## Election counting Information: RNU

आकाशवाणी गान्त ोकको समाचार एकांशले भोली विशेष चुनाव बुलेटिन प्रसार गर्नेछ। यो बुलेटिन नेपाली, भोटिया र लेप्चा भाषामा बिहान 8.35, 10.10, 12.10 र 2.50 बजे 5-5 मिनेटको प्रसारित हुनेछ। त्यसै गरी, भोली साँझ 6.40 को प्रादेशिक समाचार 10 मिनेटको हुनेछ।

## Traffic Movement: IPR

संसदीय र सिक्किम विधानसभा निर्वाचनको गणना प्रक्रिया क्रमशः 2 र 4 जून 2024 को दिन गणना केन्द्र, DIET बुर्तुकमा हुनेछ। मतगणना प्रक्रियालाई सहज बनाउनका लागि, "सिक्किम पुलिस ऐन, 2008" अनुसार निम्न तरिकाले ट्राफिक अवागमन तय गरिएको छ: जून 02 मा बिहान 12 बजेदेखि राती 8 बजेसम्म राष्ट्रिय राजमार्ग-10 (सिङ्ताम - रानीपुल - गान्तोक)-मा भारी सवारी साधनहरूको आवागमनमा रोक लगाइएको छ। त्यसै गरी, जून 2, 2024 भोली "होटेल क्राउन इन, म ानबीर कालोनी" देखि "लुइङ

फ ाटक" (पेट्रोल पम्प) सम्म जून 2 को दिन बिहान 12 बजेदेखि राती 8 बजेसम्म एकतर्फी ट्राफिक नियमन लागू गरिएको छ।